# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXII YEAR OF OUR LORD JESUS CHRIST, AUGUST 2022 No. 8


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

### भजनसंग्रह १०७:३१-४१

३१. तिनीहरूले परमप्रभसको अचूक प्रेमको निम्ति र मानिसहरूप्रति उहाँका आश्चर्यका कामका निम्ति उहाँलाई धन्यवाद चढाऊन् ।

३२. तिनीहरूले मानिसहरूको समुदायमा उहाँको तारीफ गरून् र धर्म-गुरुहरूको सभामा उहाँको प्रशंसा गरून् ।

३३. उहाँले नदीहरूलाई मरुभूमिमा बग्ने खोलालाई सुख्खा भूमिमा,

३४. र मलिलो भूमिलाई नूनको मरुस्थललाई परिवर्तन गरिदिनुभयो- त्यहाँ बस्ने मानिसहरूका दुष्टताको कारणले यसो भएको थियो ।

३५. उहाँले मरुभूभिलाई तालहरूमा र सुख्खा जमिनलाई बग्ने खोलाहरूमा पविर्तन गरिदिनुभयो ।

३६. परमप्रभुले भोकाएकाहरूलाई त्यहाँ बस्न ल्याउनुभयो अनि तिनीहरूले आफू बस्नलाई एउटा सहर निर्माण गरे ।

३७. तिनीहरूले खेतमा बिउ छरे र दाखबारी लगाए, जसले असल फसल उत्पादन गऱ्यो ।

३८. उहाँले तिनीहरूलाई आशिष् दिनुभयो अनि तिनीहरूको सङ्ख्यामा धेरै वृद्धि भयो र तिनीहरूका गाईबस्तुहरूलाई उहाँले घट्न दिनुभएन ।

३९. अत्याचार, विपत्ति र शोकले गर्दा तिनीहरूको संखया घट्यो र तिनीहरू होच्याइए ।

४०. उहाँ, जसले शासकहरूमाथि अपमान खन्याउनुहुन्छ, तिनीहरूलाई पथहीन मरुस्थलहरूमा भड्किहिँड्न दिनुभयो ।

४१. तर दरिद्रहरूलाई उहाँले तिनीहरूको विपद्बाट उकास्नुभयो र तिनका परिवारहरू भेडाका बथानझैं बढाउनुभयो ।

# परमेश्वरका साँचो सन्तानका पहिचान

## THE IDENTITIES OF TRUE CHILDREN OF GOD!

Pr. S. Sam Selva Raj

**फेरि उहाँले तिनलाई भन्नुभयो, "यो देश तेरो अधिकारमा दिनलाई कल्दीहरूको ऊरबाट तँलाई ल्याउने परमप्रभु म नै हुँ ।"**

**तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, मैले यसको अधिकार गर्न पाउँछु भनेर म कसरी थाहा पाऊँ ?"**

**उहाँले तिनलाई भन्नुभयो, "मेरो निम्ति तीन वर्षको एउटा कोरली, तीन वर्षको एउटा बाख्रा, तीन वर्षको एउटा भेडा, एउटा ढुकुर र एउटा परेवाको बच्चा ले ।"**

**तिनले ती सबै उहाँकहाँ ल्याए र माझमा दुई-दुई फ्याक पारेर हरेक फ्याक आमनेसामने राखिदिए । तर पन्क्षीहरूचाहिँ तिनले दुई-दुई फ्याक पारेनन् ।**

**अनि चील र गिद्धहरू ती मरेका पशुपन्क्षीहरूमाथि झम्टँदा अब्रामले तिनीहरूलाई धपाए ।**

**सूर्य अस्ताउँदा अब्राम मस्त निद्रामा परे अनि डरलाग्दो र घोर अन्धकारले तिनलाई छोप्यो ।**

**तब परमप्रभुले अब्रामलाई भन्नुभयो, "यो निश्चिय जानिराख् कि तेरा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन र त्यस देशका मानिसहरूका कमारा-कमारी हुनेछन् र चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन् ।**

**तर तिनीहरू जुन जातिका दास बन्नेछन्, उनीहरूको पनि म इन्साफ गर्नेछु र पछिबाट तिनीहरू धेरै धन-सम्पत्ति लिएर निस्किआउनेछन्"** (उत्पत्ति १५:७-१४) ।

अब्राहामले परमेश्वरमाथि विश्वास गरे र यो तिनको निम्ति धार्मिकता गनियो (गलाती ३:६) । परमेश्वरले अब्राहामलाई गर्नुभएको प्रतिज्ञा तिनको सन्तानमाथि ४३० वर्षपछि पूरा भएको थियो । प्रतिज्ञा दिनुहुने विश्वासयोग्य हुनुहुन्छ र त्यो निश्चय नै पूरा हुनेछ । त्यसैले, जब हामीले परमप्रभुमाथि भरोसा गर्छौं, त्योचाहिँ धार्मिकमतामा गनिनेछ ।

### परमेश्वरले हामीबाट के आशा गर्नुहुन्छ

परमेश्वरले हामीलाई ठूलो स्तरमा आशिष् दिन चाहनुहुन्छ, जसको निम्ति उहाँले हाम्रो भरोसा र आज्ञाकारीताको आशा गर्नुहुन्छ । परमेश्वरको आशाको बारेमा हाम्रो बुझाइ वर्णन गर्न नसकिने छ । **"आहा ! परमेश्वरको वैभव र बुद्धि र ज्ञान कति गहिरो ! उहाँका इन्साफहरू कति अगम र उहाँका मार्ग बुझ्न नसकिने ! किनभने प्रभुको मनलाई कसले जानेको छ र ? अथवा उहाँको सल्लाहकार को भएको**

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



(ECHO GROUP)

# तपाईंको प्रिय भाइबाट....

"किनकि यी नै परमेश्वर हाम्रा सदासर्वदाका परमेश्वर हुनुहुन्छ, उहाँ नै अनन्तकालसम्म हाम्रा अगुवा हुनुहुनेछ" (भजनसंग्रह ४८:१४) ।



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**CHIEF EDITOR**

Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**

Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**

Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**

Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Rev. Dr. K.R. Rajasekaran
Dr. A. Richard Samuel, M.A., Ph.D.

**EDITOR, PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**E.mail ID**

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**

Echo of His Call


प्रिय मित्रहरू,

संसारका मुक्तिदाता हाम्रो प्रभु येशू ख्रीष्टको अचम्मको नाउँमा तपाईं सबैलाई अभिवादन ।

**बोलावटको प्रतिध्वनि सेवकाइहरूमाथि** परमेश्वरको असीम आशिष्को निम्ति हामी उहाँलाई धन्यवाद दिन्छौं र परमप्रभुको घरको पूर्णताको साथमा उहाँले तपाईंलाई प्रशस्त मात्रामा सन्तुष्ट गर्नुभएको होस् (भजनसंग्रह ३६:८) ।

हाम्रो प्रभु येशू ख्रीष्टको असीम अनुग्रह र कृपाद्वारा हामी सेवकाइको ५४ वर्षमा प्रवेश गरिरहेका छौं । सेवकाइको विगत वर्षहरूमा प्रभुको विश्वासयोग्यता र प्रेमिलो दयाको निम्ति हामी उहाँलाई प्रशंसा र धन्यवाद दिन्छौं । यो महत्वपूर्ण अवसरमा संसारभरि रहेका हाम्रा सबै मित्रहरू र साझेदारहरूलाई हामी आदर पूर्णरूपमा सम्झन र पहिचान गर्छौं, जसले असल र कठिन अवस्थाहरूको समयमा हामीसँग खडा हुनुभयो, हामीलाई सहायता गर्नुभयो, प्रार्थना गर्नुभयो र प्रार्थना गर्नुभयो । हामीप्रति तपाईंको प्रेम र कृपाबिना सेवकाइमा हामी यो अवस्थामा पुग्न सक्नेथिएनौं भनेर हामीलाई निश्चय नै थाहा छ ।

हामी कृतज्ञतापूर्वक हाम्रा सबै पूर्व सहकर्मीहरूलाई सम्झन्छौं, जो महिमामा प्रभुकहाँ जानुभयो, भाइ जी. कालामारत्नाम आइएएस, भाइ वालर डाउसन, भाइ एस.सी. बकल, भाइ जे.आर. साउन्डाराराज, भाइ जयकुमार महाराजा, भाइ डि.डब्लु. देभाकाथान, भाइ आर.इ. जयराज, भाइ जी. जयनन्दा पावलमोनी र भाइ म्यानुएल एम. पावलराज किनकि हाम्रो सेवकाइहरूमा उहाँहरूले ठूलो सहायता गर्नुभएको थियो ।

भारतभरि र छिमेकी देशहरूमा पनि धेरै मण्डलीहरू स्थापना गरेर हामी हाम्रो सेवकाइलाई बिस्तार गर्ने योजना गरिरहेका छौं । ५४ औं वर्षमा हाम्रो दर्शनको पूर्णताको निम्ति प्रार्थना गर्न हामी तपाईंलाई आग्रह गर्दछौं ।

कोभिड १९ लकडाउनको कारण हामीले विगत केही वर्षको समयमा आशा गरेअनुसार पर्याप्त प्रगति गर्न सकेनौं । पवित्र आत्माको खन्याइद्वारा किल्लाहरूलाई भत्काउनको निम्ति हाम्रो जोशिलो प्रार्थनाको निम्ति सही समय अहिले नै हो ।

नेपाल, बंगलादेश, पाकिस्तान, श्रीलंका, आदि देशका मानिसहरूकहाँ सुसमाचार पुऱ्याउनको निम्ति राम्रो मौकाहरूको सुरुवातको निम्ति हामी तपाईंको जोशिलो प्रार्थना चाहन्छौं । विभिन्न कठिनाइ भए पनि हामी निश्चिन्त छौं कि हाम्रो परमेश्वर सिंहासनमा हुनुहुन्छ र उहाँमा नियन्त्रण छ ।

तपाईंको आत्मा समृद्ध भएझैं (३ यूहन्ना २) स्वास्थ्यमा र सबै थोकहरूमा तपाईं समृद्ध हुनुभएको होस् भनेर हामी निरन्तर प्रार्थना गर्छौं । परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू*

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : samselvaraj333@gmail.com

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development

पृष्ठ १ बाट

**छ ? अथवा कसले उहाँलाई कुनै उपहार दिएको छ र परमेश्वरले उसलाई फिर्ता दिनपरोस् ? किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन् । उहाँलाई नै सदासर्वदा महिमा होस् । आमेन"** (रोमी ११:३३-३६) ।

एलिया अगमवक्ताले सानो टुक्रा रोटीको आशा गरेका थिए तर सारपतकी विधवाले अनिकालको अन्त्यसम्मै पूरै साढे तीन वर्षको निम्ति रोटी प्राप्त गरेकी थिई (१ राजा १७:१६-१८) । हाम्रो आम्दानी कम भए पनि हामीलाई अझ धेरै आशिष् दिन परमेश्वरले सानो भागको आशा गर्नुहुन्छ । परमेश्वरका सन्तानको आशिष्को निम्ति उहाँले तिनीहरूबाटको कम्तीको आम्दानीको दशौं भाग मण्डलीमा ल्याएको चाहनुहुन्छ, जहाँ तिनीहरूले संगति गर्छन् । **"सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ"** (मलाकी ३:१०) ।

हरेक पक्षबाट प्रताडित भएर तपाईंको जीवनले गम्भीर रणभूमि देखेको हुन सक्छ, सायद तपाईंले छुटकारा पर्खिरहनुभएको छ । साहस गर्नुहोस्, परमेश्वरको तपाईंको पक्षमा हुनुहुन्छ । तपाईं आफ्नो पहिचानसँग अन्योलमा पर्नुहुन्छ भने परमेश्वरले काम गर्नुहुनेछैन । हामीले के गर्नुपर्छ ?

## १. हामीले आफ्नो स्थान कायम राख्नुपर्छ

परमेश्वरको सन्तानको रूपमा, हामी यो संसारमा भए पनि हामी यो संसारका होइनौं । हाम्रो नागरिकता स्वर्गमा छ (फिलिप्पी ३:२०) । परमेश्वरले हामीलाई ख्रीष्टसँगै हुर्काउनुभयो र उहाँमा स्वर्गीय स्थानहरूमा सँगै बस्ने बनाउनुभयो (एफिसी २:६) । कहिलेकाहीं हामीले येशूमा हाम्रो आफ्नो बहुमूल्य स्थानलाई बिर्सन्छौं र तल्लो स्तरमा कार्य गर्छौं ।

एउटा उदाहरणलाई हेरौं: शासकको कार्यालय मुख्यालयमा बनाइएको हुन्छ, जहाँबाट उसले काम गर्छ । ऊ सधैं त्यहाँ नहुन सक्छ किनकि उसले धेरै देशहरू भ्रमण गर्छ । उसले अरू देशको भ्रमण गर्छ तापनि उसको नागरिकता र कार्यालय परिवर्तन हुँदैन । ऊ पहिले जे हो, त्यही नै हो र र आफ्नै देशको मानिस हो । त्यसै गरी परमेश्वरका सन्तान संसारमा कुनै पनि देशका हुन सक्छन् तर तिनीहरू स्वर्गका हुन् । तिनीहरू यस संसारका होइनन् । यो संसारमा हामी प्रवासीहरू र अल्पबासीहरू हौं र केही समय मात्रै जिउने अनुमति पाएका छौं । यो संसारमा हाम्रो दिनहरू छायाँजस्तो छन् (१ इतिहास २९:१५) । भजनसंग्रहका लेखकले भन्छन्, यो संसारमा म प्रवासी हुँ (भजनसंग्रह ११९:१९), **म जहाँ बसोबास गरे पनि तपाईंका विधिहरू मेरो भजनको विषयवस्तु भएका छन्** (भजनसंग्रह ११९:५४), प्रेरित पत्रुस भन्छन्, हामी छनोट भएका तीर्थयात्री हौं (१ पत्रुस १:१,२) ।

हाम्रो मनमा माथि भएका सत्यताहरूलाई राखेर सोही अनुसार यो संसारमा जिउन हामीलाई बोलाइएको छ । साथै, स्वर्गमा हाम्रो धन थुपार्न हामीलाई भनिएको छ (मत्ती ६:१९,२०) । हामी यो संसारको कुनै पनि देशमा बसेका, कुनै पनि भाषा बोलेका हुन सक्छौं तर हामीले यो कुरा मनमा सधैं राख्नुपर्छ कि हामी परमेश्वरका राज्यका हौं । तापनि, हामीले आफू बस्ने देशको संस्कृति र बानीहरू अपनाउनुपर्छ । हामीले हरेक थोकको निम्ति परमेश्वरलाई प्रशंसा गरौं र एकअर्काप्रति भक्तिमा जिऔं । बाइबलले यसलाई यसरी व्याख्या गर्दछ: "सधैं सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढाओ । ख्रीष्टको श्रद्धामा एकअर्काको अधीनमा बस । पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस" (एफिसी ५:२०-२२) । पतिहरू, आफ्ना पत्नीलाई प्रेम गर (एफिसी ५:२५,२८) ।

हाम्रो जीवनका सबै क्षेत्रहरूमा परमप्रभुकोनिम्ति पवित्र भनी लेखिएको हुनुपर्छ (१ पत्रुस १:१५) । **"त्यस दिन घोडाहरूका घण्टीहरूमा पनि परमप्रभुको निम्ति पवित्र भनी खोपिएको हुनेछ..."** (जकरिया १४:२०) । "इस्राएल आफ्ना परमप्रभुको निम्ति पवित्र थियो, त्यो उहाँको फसलको अगौटे फल थियो" (यर्मिया २:३) । **"तिनीहरू स्त्रीसँग लसपस भएका थिएनन् र आफूलाई चोखो राखेका थिए । थुमा जता-जता जानुहुन्छ, उहाँको पछिपछि लाग्नेहरू यिनीहरू नै हुन् । परमेश्वर र थुमाको निम्ति पहिलो फलको रूपमा मानिसहरूका बीचबाट यिनीहरू मोलतिरी छुटाइएका थिए"** (प्रकाश १४:४) ।

हाम्रा सबै कुराहरूमा हाम्रो स्वर्गीय नागरिकता प्रतिबिम्बित भएको हुनुपर्छ । हामीले यसलाई कायम राख्न सुरक्षा दिनुपर्छ । कहिलेकाहीं हामीलाई सोध्न सक्छौं, अरूले गरेका गल्तीझैं मैले किन गर्नहुँदैन ? मैले अरूले झैं नगरेमा म यो संसारमा कसरी जिउन सक्छु ? यस्तो अवस्थाहरूमा, हामीसँग समाधान हुनुपर्छ कि अरूले गरे पनि मैलेचाहिँ गर्नुहुँदैन । मेरो पास्टर रेभ. सुन्दरमले भन्नुहुन्थ्यो, "अरूले गर्न सक्छन् तर मैले गर्नुहुँदैन र गर्नेछैनँ ।"

त्यसैले सम्पूर्ण अवस्थामा हामी अद्वितीय र अलग जीवन जिउनुपर्छ । केही ख्रीष्टियानहरूले भन्छन् कि आफ्नो आत्मिक जीवन र सांसारिक काम र पेशाहरूको बीचमा कुनै सम्बन्ध छैन । मण्डलीमा तिनीहरूमा पइन सक्ने तिनीहरूको आनन्द, प्रेम र सत्यता तिनीहरूका काम गर्ने स्थान र व्यवसायमा पाइन सकिँदैन । केहीले आफ्नो काम गर्दै प्रभुको निम्ति काम गर्छन् । तिनीहरूले व्यापारका विरलै सत्यता पालन गर्छन् । अरूजस्तै तिनीहरूले आफ्नो व्यापार गर्छन्, काम गर्छन्, तिनीहरूमध्ये धेरै जना विश्वासयोग्य हुँदैनन् । तिनीहरूले अरूलाई छल गर्छन्, आफ्नो व्यापारको रणनीति र प्रविधिहरू प्रभुको सेवकाइमा पनि प्रयोग गर्छन् र तिनीहरूलाई खुवाउने पास्टरहरूमाथि पनि प्रयोग गर्छन् । जब तिनीहरूलाई परामर्श दिइन्छ, तिनीहरूले भन्ने गर्छन्, "सेवकाइ र व्यापार फरक कुरा हुन् ।" यो धारणा पूर्णरूपमा गलत हो । परमेश्वरका सन्तानले आफ्नो जीवनका सबै क्षेत्रहरूमा आफूलाई पवित्र राख्नुपर्छ, यही कुरा परमेश्वरका सेवकहरूमा पनि सत्य हुन्छ । **"हाम्रो सेवामा दोष नभेटोस् भनेर हामी कसैको मार्गमा बाधाको कारण राख्दैनौं"** (२ कोरिन्थी ६:३) ।

## एउटा अनुभव:

एक पटक म परमेश्वरको प्रसिद्ध सेवककहाँ गएको थिएँ, जसले प्रभुको काम र सांगितिक वाद्यवादनहरूको (किन्ने र बेच्ने) व्यापार गरिरहको थिए । मेरो निम्ति एउटा एकर्डियन लिनुपर्ने थियो । एउटा विशेष वाद्यवादन देखाउँदै तिनले मलाई भने कि सो वाद्यवादन संसारको सबैभन्दा राम्रो कम्पनीले उत्पादन गरेको थियो । मैले त्यसको मोल तिरें र एउटा लिएँ । दुर्भाग्यवश, एक हप्ताभित्रै सेवकाइको निम्ति मलाई पैसाको अत्यन्तै आवश्यकता भयो । त्यसैले मैले नयाँ किनेको अकर्डियन लिएर त्यहाँ गएँ र मेरो अवस्था र बेच्नको निम्ति मेरो प्रस्ताव तिनलाई भनें ।

तिनले तुरुन्तै मलाई भने, "अब यो कसले किन्छ र ? यसलाई उत्पादन गर्ने कम्पनी अब बजारमा छैन । तिनीहरूको फ्याक्टरी बन्द भएको वर्षौं भइसक्यो । यो नराम्रो वाद्यवादन हो । यो बेच्न मिल्ने सामान होइन ।" तिनले त्यो सामान लिएर फर्कन मलाई बाध्य पारे । परमेश्वरका प्रिय सन्तानहरू, हामी यस्तो हुनुहुँदैन । हामी परमेश्वरको सन्तानको पदबाट खस्कनु हुँदैन । विभिन्न पेशामा का मगर्ने खीष्टियानहरू अत्यन्तै सावधान हुनुपर्छ र सबै थोकमा, सारा समय आफ्ना पदलाई कायम राख्नुपर्छ ।

विश्वासीहरू सांसारिक मानिसहरूसँग धेरै मिल्नुहुँदैन र पिउने, नाच्ने, कलमी हुने, लत लाग्ने थोक बेच्ने, व्यापारमा गलत अभ्यासमा रहने, आदि काम गर्नुहुँदैन ।

## अर्को एउटा अनुभव:

एक पटक मैले आफ्नो साथीलाई प्रसिद्ध डाक्टरकहाँ लगें । हामी दुवै जना उहाँको कोठामा प्रवेश गऱ्यौं । भित्र धेरै प्रकारका उपकरणहरू राखिएका थिए तर त्यो कोठामा भएको कुर्सी खाली थियो । जब हामी भित्र पस्यौं, हामीले केही मानिसहरू कुराकानी गरिरहेका र हाँसिरहेका पायौं । हामीले बसेको मानिसलाई डाक्टर ठानेर मेरे साथीको समस्या बताउन सुरु गऱ्यौं, जसलाई हामीले भेट्न चाहेका थियौं । चाँडै नै त्यो व्यक्तिले अर्को व्यक्तिलाई भेट्न औंल्यायो । हाम्रो आदर गलत व्यक्तिलाई गएको थियो । परमेश्वरले हामीलाई दिनुभएको पद हामीले सारा श्रद्धामा अनुग्रहपूर्वक राख्नुपर्छ। हामीले त्यसको अवमूल्यन गर्नुहुँदैन । **"यसैकारण भाइ हो, तिमीहरूको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ किनकि यी कुरा गर्नाले तिमीहरू कहिल्यै लोट्नेछैनौ किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू खीष्टको अनन्त राज्यभित्र तिमीहरूलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ"** (२ पत्रुस १:१०,११) ।

प्रभुले आफ्ना सन्तानलाई दिनुभएको तिनीहरूका पदलाई सारा समयमा आदर दिनुपर्छ । विश्वासीहरूले आफ्नो जिम्मेवारी पूरा गर्न अत्यन्तै सावधान हुनुपर्छ र त्यसै गरी परमेश्वरका सेवकहरू पनि । यो संसारमा परमेश्वरका सन्तान उचालिएका व्यक्तिहरू हुन् । तिनीहरू यो संसारमा जिए पनि तिनीहरूको आशा गरिएको लक्ष्यचाहिँ परमेश्वरको राज्य हो ।

## २ मुक्तिको वस्त्र

**"म परमप्रभुमा साह्रै आनन्दित हुन्छु । मेरो प्राणले मेरा परमेश्वरमा आनन्द मनाउनेछ किनकि उहाँले मलाई उद्धारको पोशाक लगाइदिनुभएको छ र उहाँले मलाई धार्मिकताको वस्त्रले ढाक्नुभएको छ- जसरी दुलहाले आफ्नो शिर पूजाहारीले सिंगारेझैं सिँगार्छन् र दुलहीले आफैंलाई रत्नहरूले आभूषित गर्छिन्"** (यशैया ६१:१०) ।

वस्त्रले मानिसलाई बनाउँछ । अस्पतालमा डाक्टरहरू र पारा-मेडिकल कर्मचारीहरूलाई तिनीहरूले गर्ने काम अनुसारको वस्त्रहरूका प्रकार दिइन्छ। यो पाले, सरसफाइ कर्मचारीहरू, नर्सहरू र डाक्टरहरूका निम्ति पनि हुन्छ । तिनीहरूका वस्त्रले तिनीहरूले गर्ने कामको बारेमा बताउँछ ।

त्यसै गरी, येशू खीष्टको रगतले धोइएका मानिसहरूलाई मुक्तिको वस्त्र (लुगा) दिइएको छ । **"छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग र आफ्नो भित्री वतावमा नयाँ होओ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएका नयाँ स्वभावलाई धारण गर"** (एफिसी ४:२२-२४) ।

केही मानिसलाई हामीले नचिनेका हुन सक्छौं तर तिनीहरू बचाइएका छन् भने हामीले तिनीहरूमा ईश्वरीय स्वभाव र मुक्तिको आनन्दको महसुस गर्न सक्छौं । हाम्रो मण्डलीमा मात्रै होइन तर हाम्रा काम गर्ने स्थान, पसलहरू र अन्य स्थानहरूमा पनि अरू मानिसहरूले हामीलाई परमेश्वरको सन्तानको रूपमा पहिचान गर्न सक्छन् भने परमप्रभुको आशिष् हामीसँग हुनेछ ।

यी दिनहरूमा आत्मिक मानिसहरू पनि अरू मानिसहरूका बीचमा प्रभु, परमेश्वर, मुक्ति, प्रार्थना, आदिजस्ता शब्दहरू प्रयोग गर्न अनिच्छुक हुन्छन् । मण्डलीमा जाने समयमा आफ्नो हातमा पवित्र बाइबल बोक्नु आफ्नो सम्मानको अवमूल्यन हो भनेर केहीले महसुस गर्छन् । आजका दिनका मानिसहरू यो तथ्यको बारेमा बेखबर छन् कि "पवित्र बाइबल बोक्ने हात र प्रार्थनामा प्रभुको अघि टेकिने घुँडा जीवनमा कहिल्यै पनि असफल हुँदैन ।"

एक पटक म आफ्नो परिवारको साथमा होटलमा गएको थिएँ । हामीले खान सुरु गर्नुपहिले असल दिन दिनुभएको निम्ति र खानाको निम्ति प्रभुलाई

....Contd. to page 6


NEHEMIAH BIBLE
RESIDENTIAL COLLEGE, Chennai.

ECHO OF HIS CALL (ECHO GROUP)

Medium : Hindi

ATA
Regd. Candidate for Membership
NEHEMIAH BIBLE COLLEGE
CHENNAI
ECHO OF HIS CALL ★ Estd. 1969

Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 53 years

Certificate in Theology : One year
Diploma in Theology : Two years

Qualification : 10th Standard & above
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
✶ ONLINE CLASSES ARE AVAILABLE ✶

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

अगस्त १९: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** कक्षा १० का विद्यार्थीहरूले आफ्नो सार्वजनिक सरकारी परीक्षामा सतप्रतिशत परिणाम प्राप्त गरेको हुनाले ।

अगस्त २०: हाम्रो **बोलावटको प्रतिध्वनिका** सहसम्पादकहरू र उहाँका परिवारहरूका निम्ति ।

अगस्त २१: मुख्य मण्डली र शाखा मण्डलीहरूका हाम्रा पास्टरहरू र सिनियर सदस्यहरूका निम्ति ।

अगस्त २२: हाम्रो **सुसमाचारीय छापाखाना** र प्रभावकारी कर्मचारीहरूका साथमा यसको निरन्तर संचालनको निम्ति ।

अगस्त २३: हाम्रो सुसमाचारीय छापाखानामा **बोलावटको प्रतिध्वनिको** १६ वटा भाषामा छाप्न र विभिन्न स्थानहरूमा पठाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अगस्त २४: कार्यक्षेत्रमा हाम्रा मिसनरीहरू र उहाँका परिवारहरूलाई सुरक्षा दिनुभएको निम्ति ।

अगस्त २५: मुख्य मण्डली र शाखा मण्डलीमा हाम्रो आइतवारको सेवाहरू र वचनको सेवकाइको निम्ति ।

अगस्त २६: हाम्रा मण्डलीहरूमा थपिएका नयाँ सदस्यहरूका निम्ति ।

अगस्त २७: हाम्रा सहयोगीहरूमाथि आशिष्को निम्ति ।

अगस्त २८: हाम्रो सिनियर पास्टर र उहाको परिवारप्रति उहाँको वास्ताको निम्ति ।

अगस्त २९: हाम्रा सहसम्पादकहरू र उहाँको सहकार्यको निम्ति ।

अगस्त ३०: हाम्रो **नहेम्याह बाइबल कलेजको** निम्ति नयाँ विद्यार्थीहरू पाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अगस्त ३१: गएको महिना हाम्रा आवश्यकता पूरा गर्नुभएको निम्ति ।

सेप्टेम्बर १: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र पत्राचार कोर्समा** उहाँको आशिष्को निम्ति ।

सेप्टेम्बर २: मिसनका खेतालाहरूबाट महान् समर्पणको निम्ति ।

सेप्टेम्बर ३: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ भर्नाको निम्ति ।

### कृपया प्रार्थना गरौं...

सेप्टेम्बर ४: हाम्रो सेवकाइका क्रियाकलापहरू र बिस्तारको निम्ति ।

सेप्टेम्बर ५: हाम्रो **बोलावटको प्रतिध्वनिका** प्रान्तीय संयोजकहरू र सेवकाइका क्रियाकलापहरूमा हाम्रा साझेदारहरूका निम्ति

सेप्टेम्बर ६: हाम्रो सेवकाइको बिस्तार र सुसमाचारको विश्वव्यापी फैलावटको निम्ति ।

सेप्टेम्बर ७: भारतका सुसमाचार नपुगेका स्थानहरूमा पुग्न हामीलाई सक्षम बनाउनको निम्ति ।

सेप्टेम्बर ८: सबै देशहरूमा एकता र शान्तिको निम्ति ।

सेप्टेम्बर ९: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीका सबै सदस्यहरूको हीतको निम्ति ।

सेप्टेम्बर १०: संसारभरि भएका सबै महिला र बालबालिकाहरूको सुरक्षाको निम्ति ।

सेप्टेम्बर ११: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिबाट बचाउनको निम्ति ।

सेप्टेम्बर १२: काम गर्ने अवधीभित्र हाम्रो परिसरमा भएका हाम्रा कर्मचारी र छापाखानाको सुरक्षा र स्वास्थ्यको निम्ति ।

सेप्टेम्बर १३: हाम्रो **नहेम्याह बाइबल कलेजहरूमा** नयाँ धेरै विद्यार्थीहरूका निम्ति ।

सेप्टेम्बर १४: हरेक मद्यपान गर्ने र दुष्ट काम गर्नेहरू पश्चात्तापमा समर्पित हुन प्रभुलाई आग्रह गरौं ।

सेप्टेम्बर १५: शैक्षिक सत्र २०२२-२३ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** धेरै नयाँ भर्नाको निम्ति ।

सेप्टेम्बर १६: यो महिनाको हाम्रा आवश्यकता परमेश्वरले पूरा गर्नको निम्ति ।

सेप्टेम्बर १७: संसारभरि भएका सबै ख्रीष्टियानहरूका बीचमा शान्ति र खुसी प्रदान गर्नको निम्ति ।

सेप्टेम्बर १८: हाम्रा प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूका निम्ति ।

*....Contd. from page 4*

प्रशंसा र प्रार्थना गरेका थियौं । जब हामीले प्रार्थनाको अन्त्य गर्‍यौं, हाम्रो टेबलको छेउमा बस्ने केही ख्रीष्टियानहरुले हामीलाई गिज्याउँदै हाँसेको हामीले देख्यौं । तिनीहरूका हेराइ र कार्यहरूले यस्तो भनिरहेको देखिन्थ्यो: “अहिले पनि यस्तो प्रकारका मानिसहरू छन् ।” यसलाई छोडिदेऔं ।

सबै स्थानहरूमा र सबै अवस्थाहरूमा परमेश्वरको सन्तानको रूपमा हामीले यस्ता असल चरित्रहरू विकास गर्न सिक्नुपर्छ । हामीलाई हेर्नेहरूले हामी बचाइएका छौं भनेर तिनीहरूले देख्नुपर्छ । हाम्रो संस्कृति र बानी हेरे कसैले हामीलाई सोध्नुपर्छ, “के तपाईं ख्रीष्टियान हो ? के तपाईं बचाइएको मानिस हुनुहुन्छ ?” त्यो स्तरमा हाम्रो आवरण र लुगा कायम गरिएको हुनुपर्छ । हाम्रो अनुहारले हाम्रो हृदय प्रतिबिम्बित गरेको हुनुपर्छ ।

एक पटक म क्यानाडाको मिसन यात्रामा गएको थिएँ । एक जना परिपक्व परमेश्वरको जनले आफ्नो मण्डलीमा सेवा गर्न भनी मलाई भन्नुभयो । उहाँ अत्यन्तै दयालु हुनुहुन्थ्यो । मैले उहाँमा परमेश्वरको स्वरूप देख्न सक्थें । साँझको समयमा उहाँले मलाई एउटा स्थानमा लैजानुभयो र मलाई सिकाउनुभयो, परमेश्वरको जनले कसरी लुगा लगाउनुपर्छ र अन्य व्यवहारहरू कस्तो हुनुपर्छ । कुनै पनि विश्वासीले मद्यपान गर्नुहुँदैन र विभिन्न आनन्दका कुरामा फँस्नुहुँदैन भनेर गाली गर्ने प्रचारकहरू पनि त्यस्ता कुराबाट टाढै रहनुपर्छ भनेर आशा गरिएको हुन्छ । तर केही समयपछि तिनीहरूले हवाइ यात्रा गर्छन् र विदेशमा आफूलाई मन लागेको जीवन जिउँछन् ! योचाहिँ दयनीय छ ।

सवारी साधनहरू सडकमा तीव्र गतिमा जान्छन् । सवारी साधन जति नै छिटो दौडिए पनि र ट्राफिकको मात्रा जस्तोसुकै भए पनि, जब ट्राफिक पुलिसले “रोक” भन्ने सङ्केत गर्छ, सबै सवारीसाधन रोकिन्छन् । युनिफर्ममा भएको र युनिफर्ममा नभएको ट्राफिक पुलिसले देखाएको “रोक” संकेतको बीचमा हामीले यहाँ ठूलो भिन्नता पाउन सक्छौं । उसले लगाएको युनिफर्मले उसको अधिकारलाई सुनिश्चित गर्छ । हाम्रो आत्मिक जीवनमा मुक्तिको हाम्रो अनुभवले हामीलाई अधिकार दिन्छ र सबै दुष्टताबाट बचाउँछ ।

भजनसंग्रह १८:३५ ले यसरी भन्दछ: **“तपाईंले मलाई आफ्नो विजयको ढाल दिनुभएको छ र तपाईंको दाहिने बाहुलीले मलाई सहारा दिएको छ । स्वयम् तपाईं मलाई महान् बनाउन झुक्नुहुन्छ ।”** हेर्नुहोस्, हामी शान्तिमा जिउनुपर्ने छ भने हामीले परमप्रभुको मुक्तिको ढाल बोक्नुपर्दछ । त्यसले हामीलाई सबै दुष्टता र विपत्तिबाट बचाउन ढालको रूपमा कार्य गर्नेछ । त्यसैले, सबै अवस्थाहरूमा, मुक्तिले हामीलाई ढालको रूपमा बचाउँछ ।

जब हामीले दुष्ट र संसारका मानिसहरूसँग सामना गर्छौं, मुक्तिको वस्त्र (ढाल) ले हामीलाई बचाउँछ । सेवकाइमा हुनुभएको एक जना मेरो साथीले मलाई साँचो कथा बताउनुभएको थियो । एक जना मानिसलाई दुष्टात्माहरूले बन्धनमा राखेको थियो र वर्णन नै गर्न नसकिने कष्टमा राखेको थियो । उसले खान पनि सक्दैनथ्यो । उसको नजिकैबाट हिँड्ने मानिसहरूलाई उसले आक्रमण गर्दथ्यो । उसको परिवारले मेरो साथीकहाँ त्यो बिरामी मानिसलाई प्रार्थना गर्न ल्याएका थिए ।

जब परमेश्वरको जनले प्रार्थना गर्न सुरु गरे, बिरामीमा भएको दुष्टात्माले भन्यो: “यो मानिसले जीवित परमेश्वर येशू ख्रीष्टलाई आराधना गर्छ । तर यो मानिस हालै मात्र आफ्नो गाउँमा आत्मालाई दिइएको बलिदानमा सहभागी भएको थियो । त्यसैले, म आएँ र योसँगै बसें । मैले यसलाई धेरै हानि गर्न सकिनँ किनभने यसको अभिभावकले यसलाई इम्मानुएलको नाउँमा आशिष् दिएको थियो । यसले यो नाउँ बोकेको हुनाले मैले यसलाई नष्ट गर्न सकिनँ ।” हेर्नुहोस् त, इम्मानुएलको नाउँमा शैतान कसरी शक्तिहीन भएको छ ?”

त्यसैले जब हामीले आफ्ना छोराछोरीलाई आशिष् दिन्छौं, हामी अत्यन्तै सावधान हुनुपर्छ । केही अभिभावकहरूले धेरै विचार नगरी उच्चारण गर्न पनि कठिन भएका नामहरूले आफ्ना छोराछोरीलाई आशिष् दिनुहुन्छ । बाइबलको नाउँ र आनन्दको साथमा आफ्ना छोराछोरीलाई आशिष् दिनुहोस् । तपाईंले आत्मिक अगुवाहरू र मिसनरीहरूको नाउँ पनि तिनीहरूलाई दिन सक्नुहुन्छ र तिनीहरूलाई विजयी जीवनमा अगुवाइ गर्न सक्षम बनाउन सक्नुहुन्छ । यस्ता कुराहरूले तिनीहरूलाई दीर्घायु दिनेछ र जीवनमा असल लक्ष्य दिनेछ । **“हेर, म चोरजस्तै आउनेछु । त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ । नत्रता त्यो नाङ्गै हिँड्नेछ र त्यसको नग्नता देखिनेछ”** (प्रकाश १६:१५) ।


# NEHEMIAH BIBLE
## EVENING COLLEGE

Chepauk & Santhoshapuram, Chennai.

Medium : Tamil

*Registered Candidate for Membership*
Asia Theological Association (ATA)

**Recognised by International Christian Leaders & Senior Pastors for the past 53 years**

**Certificate in Theology : One year**
**Diploma in Theology : Two years**

**Qualification : 10th Standard & above**
**Rush for Admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## ३. अलग गरिएको जीवन विजयी जीवन हो

**"यसकारण, तिमीहरू प्रिय बालकहरूझैँ परमेश्वरको देखासिकी गर्नेहरू होओ । तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैँलाई हाम्रा निम्ति अर्पण गर्नुभयो । तर तिमीहरूका बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत नलिइओस्, जो सन्तहरूका बीचमा हुन सुहाउँदैन । कुनै अश्लील कुरा, मूर्ख बातचित अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने कुरा होइनन् । तर बरु धन्यवाद दिने काम होस् किनकि यो त तिमीहरू निश्चय नै जान कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो), ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन"** (एफिसी ५:१-५) ।

यो संसारमा केही मानिसहरू यस्तो भनाइको साथमा जिउँछन् कि तिनीहरूले चाहेअनुसार तिनीहरू जिउन र बोल्न सक्छन् । तर परमेश्वरले आफ्ना जनहरू यो संसारको ढाँचामा नचलेको चाहनुहुन्छ । संसारले भन्न सक्छ, संसारको साथमा साथै जिऊ । तर हामी अलग जीवन जिउनुपर्छ भन्ने चाहिँ परमेश्वरको चाहना हो । तर केही ख्रीष्टियानहरू अलग भएको जीवनको आवरणको अधीनमा हुन्छन्, तिनीहरू अरू ख्रीष्टियानसँग जोडिँदैनन् कि तिनीहरू अलग हुन् र अरूले भन्दा राम्रो प्रकारले धर्मशास्त्रलाई जानेको छु । यो गलत कुरा हो, पवित्रशास्त्रले बताएको अलग जीवनचाहिँ भिन्दै कुरा हो । ख्रीष्टियानहरूका बीचमा भेला हुनु कुनै गलत कुरा होइन । हामीले यसलाई सही अर्थमा बुझ्नुपर्छ र अलग जीवन प्राप्त गर्न तल दिइएका कुराहरूमा रहनुपर्छ ।

### (क) परमेश्वरलाई पछ्याउनु

आजको दिनमा धेरै ख्रीष्टियानहरू राजनीतिमा संलग्न भएका छन् । तिनीहरूले त्यहाँ पनि सत्यता कायम राख्छन् भने परमेश्वरको नाम बद्नाम हुनेछैन । तिनीहरूले मानिसहरूलाई सेवा गर्ने मार्गको रूपमा त्यसलाई देख्न सक्छन् । तर त्योचाहिँ तिनीहरूको जीवनमा पहिलो प्रेम हुनुहुँदैन । तिनीहरूका जीवनमा येशू सबैभन्दा पहिलो हुनुपर्छ । तर केही पास्टरहरू पनि राजनीतिमा फाल हान्छन् र आफ्नो समय र प्रतिभा खेर फाल्छन् । आफ्नो मण्डलीहरू र परिवारहरूमा बिताउनुपर्ने समय र पैसा राजनीतिको निम्ति बिताउनुहुँदैन । परमेश्वरको सेवकाइमा बोलाइएका पास्टरहरू राजनीतिमा घुस्नुहुँदैन ।

### (ख) संसारको कुराहरू नफस्नू

**"यसकारण तिमी, मेरो बालक, ख्रीष्ट येशूमा भएको अनुग्रहमा बलियो होऊ । ख्रीष्ट येशूका असल सिपाहीझैँ दु:ख-भोगमा हामीसँग सहभागी होऊ । सेनामा भर्ना भएको सिपाही अरू धन्धामा अल्झँदैन किनकि उसलाई भर्ना गर्नेलाई सन्तुष्ट पार्नु नै उसको लक्ष्य हुन्छ । प्रतियोगितामा नियमबमोजिम भाग नलिएसम्म कुनै खेलाडीले पनि इनाम पाउन सक्दैन"** (२ तिमोथी २:१, ३-५) । सेवकाइको निम्ति बोलावट भएको व्यक्ति आफ्नो परिवारलाई सहायता गर्न सम्बन्धित काम गर्न सक्छ । तापनि उसले आफैँलाई राजनीति, असोसिएसन, व्यापार, क्लबहरू, आदिमा फसाउनुहुँदैन । यहाँ "फँस्ने" भन्ने शब्द अत्यन्तै महत्वपूर्ण छ किनभने **"कुनै नोकरले दुई मालिकको सेवा गर्न सक्दैन किनकि त्यसले एउटालाई घृणा गरेर अर्कालाई प्रेम गर्छ अथवा त्यो एउटा भक्त भएर अर्कालाई तुच्छ ठान्छ । तिमीहरू परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ"** (लूका १६:१३) ।

### (ग) प्रेममा हिँड्ने

**"तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो र परमेश्वरको निम्ति सुगन्धित भेटी र**

*....Contd. to page 9*


## Echo of His Call Postal Courses for candidates in India only

### 1. BIBLECOR

We offer Postal Course on Basic Truths of The Bible to new Christians and non-Christians in English – 57 pages, Hindi – 76 pages & Tamil – 96 pages. You will get a course book entitled **New Life – For You!** **After the completion of this course, you will get a certificate. There will be no compulsory fees. You will be blessed!**

### 2. THEOLOGICAL CORRESPONDENCE COURSE

Advanced Distance Education called **Theological Correspondence Course** is available in English – 537 pages and Tamil – 652 pages for Pastors, Evangelists, Christian Leaders and for lay people who have passion to do God's Ministry! A fee of Rs. 1000/- is charged. 7 Books with 149 Chapters are supplied. **Certificate in Ministry** will be awarded. **God will bless you!**

***For more details, write to us.***

**The Chairman, Nehemiah Bible College,**
**Echo of His Call, Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**



## कर छुट

कुनै पनि व्यक्ति वा संस्थाबाट Echo of his Call Educational Trust लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यसको लागि आधिकारिक रसिद जारी गरिनेछ । यस्ता सहयोग चन्दाका सबै चेक तथा ड्राफ्टहरू अङ्ग्रेजीमा लेखेर बोलावटको प्रतिध्वनि शैक्षिक ट्रस्टको नाममा लेखेर हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

### "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## परमेश्वरको कामको निम्ति मेरो बोलावट My call for God's Work



*S. Sam Selva Raj (Age : 18)*

पवित्र आत्माको प्रभावले मेरो किशोरावस्थाको १६-१८ वर्षको उमेरबाटै मेरो भित्री मनुष्यत्व र विचारलाई रूपान्तरण गर्न सुरु गरेको थियो, जसले टाइप-राइटिङ, सर्ट हेन्ड र अंग्रेजी सिकेर मेरो सीप तिर्खान मलाई निर्देशित गर्नुभयो अनि यी सबै थोकहरू मेरो वर्तमान सेवकाइमा अत्यन्तै उपयोगी बनेको छ। रेभ. एस. देभादासन (उहाँको आगमनको सन्देशवाहक), पास्टर साधु येशुदास (किरुबासानाम चर्च), पास्टर



*Sis. Sarah Navaroji*



*Pastor Sadhu Yesudas*

अब्राहाम (भारतीय पेन्तिकोस्टल चर्च), पास्टर एन. जीभा नन्दहाम (मागिज्ची पत्रिका) र बहिनी सारा नवरोजी (चेन्नाइ), जस्ता परमेश्वरका साँचो सेवकहरूलाई व्यक्तिगत रूपमा जान्ने अवसर पनि पाएको थिएँ। मैले उहाँहरूलाई अवलोकन गर्न र उहाँहरूबाट सिक्न पाएको थिएँ, आत्मिक विश्वासयोग्यता, पवित्र जीवनतर्फ आकर्षित, मेहेनेत गर्न दृढ अठोट, धैर्यता, प्रेम, बलिदान, नम्रता, समर्पित, आज्ञाकारीता, उपवास, प्रार्थना र परमेश्वरको सेवा।

जब म उहाँहरूका कदमलाई पछ्याइरहेको थिएँ, स्वर्गमा हाम्रो निम्ति राखिएको भलाइ यो संसारमा पनि आनन्द गर्न सकिन्छ भनेर मैले बलिया रूपमा महसुस गरें।

त्यो समयमा स्वर्गीय रेभ. एस. देभादासन (उहाँको आगमनको सन्देशवाहक) ले उहाँसँगै प्रभुको सेवा गर्न सहभागी हुन मलाई पत्र लेख्नुभयो। म अत्यन्तै खुसी थिएँ किनकि मेरो निम्ति त्यो राम्रो भविष्य थियो तर मेरा अभिभावकहरू यसको बारेमा शान्त थिए। त्यसैले, मैले आफ्नो साधारण गवाहीहरू प्रत्यक्ष बाँड्न निरन्तरता दिएँ, सदाझैं प्रार्थना गरें र पर्चाहरू वितरण गरें। मैले आफैंलाई प्रभुमा पूर्णरूपमा समर्पित गरें र यो चुनौतिमा मलाई अगुवाइ गर्न उहाँको आदेश धैर्यतापूर्वक पर्खें।


जब कुनै बाटो खोलिएको थिएन, मैले मेरा केही साथीहरूको प्रेम पाउन सकें। मेरो आत्मिक जीवनमा बाधा थियो। ममा परमेश्वरको भय र उहाँमा विश्वास भए पनि ममा केही कुरा प्राप्त गर्ने महत्वकांक्षा थियो। त्यसैले, मेरो घरको केही भाग राजनैतिक उद्देश्यको निम्ति मेरा साथीहरूलाई प्रयोग गर्न अलग गरें, जोन, पेरुमल अश्शारी, मनीकन्दनजस्ता मेरा केही साथीहरूसँग जोडिएँ। मैले एउटा संस्था पनि सुरु गरें र त्यसलाई **सोमबेरी मादाम (अल्छी करार)** भनेर नाम दिएँ। त्यसैले मेरो जीवन अलग भएको थियो। के गर्ने भनेर मेरा अभिभावकहरू र आफन्तहरूलाई थाहा थिएन। तर मेरी आमाले निरन्तर प्रार्थना गर्न सुरु गरिन्।



*Pr. S. Sam Selva Raj & Rev. S. Devadasan*

यो अवस्थामा एक बिहानी ६२ वर्षीय रेभ. एस. देभादासन सेतो लुगा लगाएर एउटा हातमा छाता र अर्को हातमा बाइबल लिएर मेरो घरमा आउनुभयो। त्यो समयमा उहाँ हाम्रो घरमा आउनुहुन्छ भनेर मैले आशा गरेको थिइनँ। मैले उहाँलाई एक पटक उहाँको कार्यालयमा देखेको थिएँ। उहाँलाई हेर्न म डराएको हुनाले म आमाको पछाडि लुकें। पास्टरले प्रेमिलो र गम्भीर रूपमा मलाई र मेरो कोठालाई हेरिरहनुभएको थियो। अन्त्यमा, उहाँले हुवै मलाई र मेरी आमालाई हेरिरहनुभयो, उहाँले भन्नुभयो, "परमेश्वरले आफ्नो सेवाको निम्ति यो केटोलाई बोलाइरहनुभएको छ। यो केटो साम सेल्भाराज भोलि बिहान ९ बजे मेरो कार्यालयमा आउनपर्छ।" त्यसपछि उहाँले प्रार्थना गर्नुभयो र मेरो घरबाट जानुभयो।

त्यो समयदेखि हाम्रो परिवारमा आनन्द आएको थियो। हाम्रो घर मीठो सुगन्धले भरिएको थियो। त्यो दिन, मैले आफ्ना सबै साथीलाई निम्तो दिएँ, मेरो आमाले तयार गर्नुभएको मीठो भोज तिनीहरूलाई दिएँ। हामीले बनाएको "अल्छी करार" मैले छोडिरहेको थिएँ भनेर तिनीहरूलाई बताएँ र






उनीहरूबाट बिदा लिएँ । तिनीहरू अचम्ममा परेका थिए र मलाई जवाफ दिन केही पनि थिएन, त्यसले तिनीहरू गए ।

अर्को दिन, म रेभ. एस. देभादासनको आज्ञा अनुसार उहाँकहाँ गएँ । म उहाँको आत्मिक छोरा बनें र उहाँप्रति नम्र सेवक पनि बनें । मैले उहाँको जीवनका हरेक थोक अवलोकन गर्न सुरु गरें र म उहाँको नम्र सहयोगी बनें । उहाँलाई पछ्याउँदै, मैले लामो समयसम्म घुँडा टेकेर प्रार्थना गर्न, लामो समयसम्म बाइबल ठूलो सोरले पढ्न, मनन गर्न र प्रभु मसँग बोल्नुहुँदाँ ती कुराहरू लेख्न सुरु गरें ।



मेरो भविष्यमा प्रभुले मलाई कसरी प्रयोग गर्नुहुनेछ भनेर देखेर रेभ. एस. देभादासनले मलाई परमेश्वरको धार्मिकता, पवित्रतामा कठोर रूपले डोऱ्याउनुभयो र हराएका आत्माको निम्ति बोझ राखिदिनुभयो । उहाँले मलाई सत्यता, प्रार्थनाले भरिएको जीवन र वचनमा मनन गर्न पनि सिकाउनुभयो । परमेश्वरलाई कसरी इमानदारीपूर्वक सेवा गर्ने, पवित्र जीवन के हो, पैसाबिना पनि परमेश्वरको सेवकाइमा कसरी का मगर्ने र परमेश्वरको वचनअनुसार परमेश्वरको सेवकाइको निम्ति कसरी कोष उठाउने भनेर पनि उहाँले मलाई सिकाउनुभयो । ती कुरा अभ्यास गर्न पनि उहाँले मलाई तालिम दिनुभयो ।

************

*पृष्ठ ७ बाट*

**बलिदान भएर आफैंलाई हाम्रा निम्ति अर्पण गर्नुभयो" (एफिसी ५:२) ।**

**१ कोरिन्थी १३ अध्यायले सिद्ध प्रेमको बारेमा कुरा गर्छ । "प्रेम सहनशील हुन्छ र दयालु हुन्छ । प्रेमले डाह गर्दैन, न शेखी गर्छ । प्रेम हठी हुँदैन, न ढीट हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन । प्रेम खराबीमा प्रसन्न हुँदैन तर ठीक कुरामा रमाउँछ । प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ" (४-७) ।**

## (घ) धार्मिकता यी कुरासँग जोडिनुहुँदैन

व्यभिचार र अशुद्धताजस्ता कुराहरू, पैसाको लागि बासना, आदि कुराहरू पवित्र जनहरूका विरुद्धमा बोलिनुहुँदैन । अनि यस्ता नामहरू पनि तिनीहरूसँग सम्बन्धित हुनुहुँदैन । त्यसै गरी, नचाहिने कुराकानीहरू, नराम्रो सुनिने कुराकानीहरू, गिल्ला, आदिबाट टाढा रहनुपर्छ । परमप्रभुको प्रशंसा गर्नु सही कुरा हो ।

**"तर तिमीहरूका बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत नलिइओस्, जो सन्तहरूका बीचमा हुन सुहाउँदैन । कुनै अश्लील कुरा, मूर्ख बातचित अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने कुरा होइनन् । तर बरु धन्यवाद दिने काम होस्"** (एफिसी ५:३,४) ।

## (ङ) येशूमा भाग नभएका मानिसहरू

व्यभिचार, अशुद्धता, र पैसाको मूर्तिपूजामा रहेकाहरू परमेश्वरको राज्यमा प्रवेश गर्नेछैनन् । **"कुनै अश्लील कुरा, मूर्ख बातचित अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने कुरा होइनन् । तर बरु धन्यवाद दिने काम होस् । किनकि यो त तिमीहरू निश्चय नै जान कि कुनै व्यभिचारी कि अशुद्ध मानिस वा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन"** (एफिसी ५:४,५) । ईश्वरीय कवि थिरुभाल्लुभारले भनेका छन्: "गम्भीर खतरा वा लामो केश होइन, यदि नष्ट हुन्छ भने संसारले त्यसलाई घृणा गर्छ ।" गम्भीर खतराबाट उम्कने कुरा र इमानदार लामो दाह्रीबाट गलत प्रकारले प्रतिनिधित्व नहुनुहोस् । प्रतिबन्ध गरिएका कुराहरूमा नफँस्नु नै सधैं असल हुन्छ । **"यस जातिले मलाई ओठले मात्र आदर गर्छ तर तिनीहरूको हृदय मबाट टाढा छ । तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन् तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्"** (मत्ती १५:८,९) ।

## (च) जिउँदो बलिदान

प्रेरित पावलले हामीलाई आफ्नो शरीर परमेश्वरलाई जिउँदो बलिदान, पवित्र र स्वीकारयोग्य भएर दिन जोड दिएका छन्, जुनचाहिँ तर्कसंगत सेवा हो । **"यस संसारको ढाँचामा नचल तर आफ्नो मनमा नयाँ भई पूर्णरूपले परिवर्तित होओ र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक"** (रोमी १२:२) । त्यसैले हामी त्यही ढाँचामा चल्न छोड्नुपर्छ र रूपान्तरण हुन सुरु गर्नुपर्छ ।

यी सबैभन्दा उच्च अनुभव कठिन देखिन सक्छ तर यी अनुभवमा आएका मानिसहरूले परमेश्वरको मधुरो आवाज सुन्न सक्छन् ।

## -छानिएको-

२००० वर्षदेखि ख्रीष्टियान विश्वास भारतमा रहेको छ । अहिले यो यूरोपेलीबाट आएको थिएन । यो पहिलो शताब्दीमा सन्त थोमसबाट आएको थियो । ख्रीष्टियान विश्वास गोराको धर्म होइन ।

"याद राख्नुहोस्, जब यूरोपका धेरै देशहरू ख्रीष्टियान बनेका थिएनन्, सन्त थोमस भारतमा आएका थिए र आफ्नो ख्रीष्टियान विश्वास उनमा खोज्ने ती भारतीयहरूमा लामो इतिहास छ र धेरै यूरोपेली देशहरूका विश्वासीहरूभन्दा उच्च वंशावली छ । अनि यस्तो भएको छ भने हाम्रो निम्ति यो वास्तवमै गर्वको कुरा हो ।"

**- डा. राजेन्द्रप्रसाद, भारतको पहिलो राष्ट्रपति, १९९५, १८ डिसेम्बरमा**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

परमेश्वरको बासस्थान मानिसहरूको बीचमा छ । उहाँ तिनीहरूका माझमा बास गर्नुहुनेछ । तिनीहरू उहाँका मानिसहरू हुनेछन् । "...परमेश्वर स्वयं तिमीहरूसँग हुनुहुनेछ र तिमीहरूका परमेश्वर हुनुहुनेछ" (प्रकाश २१:३) । परमेश्वरले यो संसारमा पनि हामीलाई यो अनुभव दिनुभएको होस् । आमेन ।

************

## OUR BANK DETAILS:

### 1. Bank : State Bank of India

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### 2. Bank : ICICI Bank

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### 3. Bank : State Bank of India

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th AUGUST 2022**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

**JESUS LOVES YOU!**

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**